नेपाल चिकित्सक संघ

# Nepal Medical Association

KTM, CDO Regd. No. 07/043/44

Founded: 20 Falgun 2007(4th March 1951)

(Mutually affiliated with Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)



**EXECUTIVE COMMITTEE**

**( 2020 - 2023 )**

**President:**
Dr. Lochan Karki

**Immediate Past President:**
Dr. Mukti Ram Shrestha

**Senior Vice President:**
Dr. Shiva Prasad Shrestha

**Vice President:**
Dr. Anil Bikram Karki

**General Secretary:**
Dr. Badri Rijal

**Treasurer:**
Dr. Prakash Budhathoky

**Joint Secretary:**
Dr. Niraj Kumar Singh

**Joint Treasurer:**
Dr. Bishwa Raj Dawadi

**Members:**
Dr. Bipesh Acharya
Dr. Leison Maharjan
Dr. Nanda Kumari Gurung
Dr. Pramod Joshi
Dr. Ritesh Thapa
Dr. Sanjeeb Tiwari

**Editor-in-Chief:**
Dr. Angel Magar


मितिः २०७८ आषाढ १८ गते

## प्रेश विज्ञप्ती

बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी एवं कर्मचारीहरुले विभिन्न मागहरु राखी विगत १८ दिन देखि आन्दोलन गरिरहेको सम्बन्धमा नेपाल सरकार तथा सरोकारवाला निकायबाट हालसम्म कुनै पनि सम्बोधन नगरिएकोप्रति नेपाल चिकित्सक संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

चिकित्सा शिक्षा र स्वास्थ्य सेवाका क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउँदै आएको त्यस प्रतिष्ठानमा कार्यरत सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी एवं कर्मचारीहरु यति लामो समय सम्म आन्दोलित भईरहँदा समेत सम्बन्धित सरोकारवाला निकायबाट वार्ता र संवादको वातावरण सिर्जना गरी उत्पन्न समस्याको समाधानतर्फ कुनै पनि पहल नगरिएको घटनाले समग्र राष्ट्रकै प्रतिष्ठामा आँच आएको नेपाल चिकित्सक संघको ठहर छ । त्यसैले नेपाल सरकारले सत्यतथ्य छानबिन गर्नका लागि अबिलम्ब उच्च स्तरीय छानबिन समिति गठन गरी वार्ता मार्फत उत्पन्न समस्याको समाधान गर्न नेपाल चिकित्सक संघ नेपाल सरकार समक्ष जोडदार माग गर्दछ ।

त्यस प्रतिष्ठानमा कार्यरत सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी एवं कर्मचारीहरुले उठाएका जायज मागहरुलाई यथासिघ्र सम्बोधन गरी बिना कुनै अवरोध शान्तिपूर्ण वातावरणमा चिकित्सा शिक्षा तथा स्वास्थ्य सेवा प्रवाहलाई निरन्तरता दिने वातावरण सिर्जना गर्न नेपाल चिकित्सक संघ सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछ ।

साथै नेपाल चिकित्सक संघ धरान शाखाले त्यस प्रतिष्ठानको सुदृढीकरणका लागि संचालन गरेका कार्यक्रमहरुमा यस संघको केन्द्रीय कार्यालय ऐक्यबद्धता जाहेर गर्दै अबिलम्ब वार्ता र सम्वादको माध्यमबाट जायज मागहरु सम्बोधन गरेर बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रतिष्ठा र गरिमालाई जोगाउन सम्बन्धीत सबैमा हार्दिक अपिल गर्दछ ।

भवदीय,

Badri

डा. बद्री रिजाल
महासचिव